# बालमैत्री शिक्षणमा पुनर्वल व्यवस्थापन

त्रि. वि. शिक्षा शास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विषय

स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता

परिपूर्तिको लागि प्रस्तुत

शोध-पत्र


शोधकर्ता

नाम : सफल पोर्तेल

क्याम्पस रो.नं : ०८

परीक्षा रो.नं.: २२२००३५

त्रि.वि.द.नं :९-३-२२२-१५५-२०११



त्रि.वि. शिक्षा शास्त्र सङ्काय वरुण बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थान विभाग

खाँदवारी संखुवा-सभा


२०७१

# कृतज्ञता

यस बालमैत्री शिक्षणमा दण्ड व्यवस्थापन विषयक शोधपत्र तयार गर्नका लागि आवश्यक सल्लाह, सुझाव र मार्गनिर्देश गर्नुहुने शोध निर्देशक सन्तोषकुमार बराल ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस अनुसन्धानलाई आवश्यक सल्लाह र सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु क्याम्पस प्रमुख श्री टिकाराम गुरुङ्ग, आदरणीय गुरुमा सहायक क्याम्पस प्रमूख श्री चित्ररेखा अधिकारी तथा जिल्ला बालबालिका कार्यालय संखुवासभाका बाल संरक्षण अधिकृत सुमन अधिकारी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

उच्च शिक्षा हासिल गर्न आवश्यक वातावरण सिर्जना गरिदिनु हुने पुजनीय मातापिता प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यसरी नै अनुसन्धानको पूर्णताको लागि आवश्यक सल्लाह र सहयोग गर्नुहुने मित्रहरू प्रकाश कार्की र महेश बुढाथोकी प्रति आभार व्यक्त गर्दछु ।

यस शोधकार्यका लागि यथोचित सहयोग गर्नु हुने अध्ययन गरिएका विद्यालयहरूका प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, शिक्षकहरू, अभिभावकहरू तथा विद्यार्थीहरूप्रति आभार व्यक्त गर्दछु । यस शोधकार्यलाई टंकण गर्न आफ्नो अमूल्य समय प्रदान गर्नुहुने युनिक कम्प्युटर सेन्टर संखुवा-सभालाई धन्यवाद दिन चाहन्छु । यसरी नै यस अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि सहयोगीको भूमिका खेल्ने जीवनसाथी समिता तथा छोरी समिक्षालाई विशेष धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

# शोधसार

प्रस्तुत अध्ययन बालमैत्री शिक्षणमा पुनर्वल व्यवस्थापन शीर्षकमा गरिएको छ । यस शोधको मूख्य उद्देश्य बालमैत्री शिक्षणमा देखिएका समस्या समाधानका उपायहरुको खोजी गर्ने रहेको छ ।

यो अनुसन्धान गुणात्मक ढाँचामा सम्पन्न गरिएको छ । यस अनुसन्धान कार्य सम्पन्न गर्ने क्रममा जोन रावलको न्यायिक सिद्धान्तलाई सैद्धान्तिक खाकाका आधारमा ब्याख्या गरिएको छ । यस अध्ययन कार्यको जनसंख्याको रुपमा संखुवा-सभा जिल्ला धुपु स्रोत केन्द्र अन्तर्गत पर्ने १८ वटा सामुदायिक विद्यालयका प्राथमिक तहका बालबालिकाहरू, ती विद्यार्थीका अभिभावकहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ पदाधिकारीहरू र स्रोत व्यक्ति रहेका छन् । अनुसन्धानको प्रस्तावित क्षेत्रबाट प्रतिनिधित्व हुने गरि सामान्य सम्भावनायुक्त र सम्भावनारहित उद्देश्यपूर्ण नमूना छनौट विधि अपनाई नमूना छनौट गरिएको छ । नमूनाका रुपमा संखुवा-सभा जिल्ला मत्स्यपोखरी गा.वि.स. मा रहेका ३ वटा र धुपु गा.वि.स.मा रहेका ३ वटा सामुदायिक विद्यालयहरू, ती विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाट १८ जना शिक्षकहरु, ती विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट ३० जना तथा सम्पूर्ण अभिभावकहरू मध्येबाट ३० जना, प्रधानाध्यापकहरू ६ जना, विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू ६ जना र स्रोत व्यक्ति १ जना रहेका छन् ।

यस अनुसन्धानलाई पूर्णता दिनका लागि अन्तरवार्ता सूची, प्रश्नावली, विद्यालय सर्वेक्षण फाराम, कक्षा अवलोकन फाराम, लक्षित समूह छलफल सूची र स्थलगत अवलोकन फाराम जस्ता साधनहरूलाई प्रयोग गरिएको छ । तथ्याङ्कको प्राथमिक स्रोतको रुपमा अन्तर्वार्ता, प्रश्नावली, अवलोकन र अनौपचारिक कुराकानी जस्ता साधनहरू प्रयोग गरिएका छन् भने द्वितीय स्रोतको रुपमा विद्यालय रेकर्ड, विभिन्न संघ-संस्थाबाट प्रकाशित प्रतिवेदन, पत्रपत्रिका, पुस्तक तथा लेख रचनाहरूलाई प्रयोग गरिएको छ । तथ्याङ्कको सङ्कलन गर्न मत्स्यपोखरी गा.वि.स. का ३ वटा र धुपु गा.वि.स.का ३ वटा विद्यालयहरूमा अनुसन्धानकर्ता

*स्वयं उपस्थित भई बालमैत्री विद्यालयको अवस्था, प्रचलित दण्डहरू, दण्डका विकल्पहरू र दण्ड व्यवस्थापनसँग सम्बन्धित समस्या समाधानका लागि उपयुक्त हुने प्रश्नावली छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीहरूसँग राखि प्रत्यक्ष रुपमा भेटघाट गरि आवश्यक तथ्याङ्क संकलन गरिएको छ । वि.व्य.स., प्र.अ., अभिभावक र विद्यार्थीहरूसँगको छलफल, अन्तरक्रिया र अन्तरवार्ताबाट आवश्यक जानकारी संकलन गरिएको छ । विद्यालय सर्वेक्षण फाराम र स्थलगत अवलोकनबाट समेत विषयवस्तुसँग सम्बन्धित थप जानकारी हासिल गरिएको छ ।*

*अनुशासन कायम राख्ने, सिकाई उपलब्धि वृद्धि गर्ने र बालबालिकाहरूमा सकारात्मक व्यवहारको विकास गर्ने उद्देश्यले शारीरिक र मानसिक दण्डहरू शिक्षकले बालबालिकाहरूलाई दिइरहेको पाइयो । कतिपय शिक्षकहरूलाई दण्ड सजायको असर र बालमनोविज्ञान बारे ज्ञान नभएका कारण त्यस्ता दण्डहरू दिइरहेको पाइयो । दण्डका शारीरिक र मानसिक असरका कारण अबोध बालबालिकाहरूले पढ्न, लेख्न छाडी दुर्व्यसन र कुलतमा लागि भविष्यलाई नै अन्योलमा पार्ने गरेको पाइयो । अनुसन्धानमा दण्डका शारीरिक, मानसिक र सामाजिक असरहरू औंल्याउँदै दण्डरहित शिक्षणका उपायहरू सिफारिस गरिएको छ ।*

*यस अनुसन्धानको अन्त्यमा शिक्षक, अभिभावक, प्रधानाध्यापक, विद्यार्थी र अन्य सरोकारवालाहरूसँगको छलफल, अन्तरक्रिया, व्यक्तिगत कुराकानी तथा राज्यले यस विषयमा यस अगाडि चालेका कदमहरू समेतलाई मध्यनजर गरी नीतिगत तहमा सरकार, जि.शि.का, स्रोत केन्द्र र गा.वि.स.लाई लक्षित गरी ; अभ्यास तहमा जि.शि.का., स्रोत केन्द्र, विद्यालय, शिक्षक, अभिभावक र विद्यार्थीलाई लक्षित गरी र अनुसन्धान तहमा भविष्यमा बालमैत्री शिक्षा र दण्ड व्यवस्थापनका विषयमा गहन अध्ययन गर्न चाहने व्यक्ति,संघ-संस्था तथा सरकारी निकायलाई लक्षित गरी आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।*

# विषय सूची


| शिर्षक | | पेज |
|---|---|---|
| नंशिफारिस पत्र | I | |
| स्वीकृति पत्र | II | |
| प्राक्कथन | III | |
| शोधसार | IV | |
| विषय सूची | VII | |
| तालिका सूची | X | |
| संक्षिप्त शव्दहरुको पूर्ण रुप | XI | |


## परिच्छेद एक :

## परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | १० |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | १० |
| १.६ अध्ययनको परिसीमा | १० |


## परिच्छेद दुई :

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १६ |
| २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग | १९ |

## परिच्छेद तीन :

## अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा २१

३.२ जनसंख्या र नमूना २१

३.३ तथ्याङ्क सङ्कलनका साधन २३

३.४ तथ्याङ्कको स्रोत १८

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २५

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २८

## परिच्छेद चार :

## नतिजाको विश्लेषण

४.१ बालमैत्री विद्यालयहरूको अवस्था २९

४.१.१ प्रभावकारिता २९

४.१.२ समावेशीकरण ३०

४.१.३ शिक्षामा लैङ्गिक पक्ष ३०

४.१.४ बालबालिका, परिवार र समुदायको सहभागिता ३१

४.१.५ स्वास्थ्य, सुरक्षा र बचावट ३१

४.१.६ विद्यालयको भौतिक अवस्था ३२

४.१.७ शिक्षण सिकाइ प्रक्रिया ३२

४.१.८ मातृभाषामा शिक्षण सिकाई ३३

४.१.९ विद्यालय व्यवस्थापन ३३

४.२ शिक्षकले बालबालिकाहरूलाई दिने दण्डको अवस्था ३४

४.२.१ दण्डका प्रकार ३४

४.२.१.१ बालबालिकालाई दिइने शारीरिक दण्डहरु ३४

४.२.१.२ बालबालिकालाई दिइने मानसिक दण्डहरु ३५

४.२.२ बालबालिकालाई दण्ड दिनुपर्ने कारणहरु ३५
४.२.३ बालबालिकालाई दिइने दण्डका असरहरु ३७
४.२.३.१ दण्डले शिक्षकलाई पार्ने असर ३७
४.२.३.२ दण्डका शारीरिक असरहरु ३८
४.२.३.३ दण्डका मानसिक असरहरु ३८
४.२.३.४ दण्डका सामाजिक असरहरु ३९
४.३ दण्ड रहित शिक्षण विधिहरू ३९
४.३.१ व्यवहारिक र मनावैज्ञानिक उपाय ३९
४.३.२ प्रशंसा र परामर्श ३९
४.३.३ सामूहिक छलफल र समस्या समाधान ४०
४.३.४ आत्म समीक्षा र मूल्याङ्कन ४०
४.३.५ नमूनाको रुपमा प्रस्तुत हुने र अनुशासन कायम राख्ने ४०
४.४ पुनर्वल व्यवस्थापनका उपायहरु ४१
४.४.१ कक्षा भित्र अलग्याउने ४१
४.४.२ अलग्याउने/निकाला ४१
४.४.३ अनुशासन पुर्जी ४१
४.४.४ घरमै निलम्बन गरिने ४१
४.४.५ चेतावनी पत्र ४२
४.४.६ छनौट गर्न मौका दिने ४२
४.४.७ तर्कसङ्गत परिणामहरु लागू गर्न ४२
४.४.८ व्यवहारका लागि जरिवाना ४२
४.४.९ सुविधाबाट वञ्चित गर्ने ४२
४.४.१० अभिभावक र बाबालिका बीच लिखित सहमति ४३
४.४.११ कक्षाकोठामा अनुशासन चार्ट राख्ने ४३
४.५ दण्डको बिकल्पका रुपमा अनुशासन विधि ४३
४.५.१ व्यवहारको नक्कल ४३
४.५.२ सकारात्मक वातावरण सिर्जित गर्नु ४३
४.५.३ निश्चित नियममा अभ्यस्त बनाउन ४४

४.५.४ राम्रो व्यवहारप्रति उत्साहित गर्नु ४४
४.५.५ खराब व्यवहारप्रति गरिने प्रतिक्रिया ४५

## परिच्छेद पाँच :

## निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ४८
५.२ सुझाव ४९

सन्दर्भग्रन्थ सूची
अनुसूचीहरू